
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन १८ गते शुक्रबार ❑ 1 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## उपचार नपाएर अकालमा कसैले ज्यान गुमाउनुपर्दैन: स्वास्थ्यमन्त्री बस्नेत

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले अब कुनै पनि नागरिकले उपचार नपाएर अकालमा ज्यान गुमाउनु नपर्ने बताउनुभएको छ ।

बागलुङको पञ्चकोटमा आयोजित अनन्त श्री ब्राह्माण्डीय महायज्ञका अवसरमा आयोजित पूर्वीय चिकित्सा शिक्षा पद्धति र जनस्वास्थ्य विकास सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री बस्नेतले दूरदराजमा स्वास्थ्य सेवाको पहुँच पुर्‍याउँदै गएको बताउनुभयो ।

दक्ष जनशक्तिलाई उत्पादन गर्दै सबै ठाउँमा पठाएर नागरिकको उपचार गर्न थालिएको उहाँको भनाइ छ । चिकित्सकको दरबन्दी बढाउनका लागि मन्त्रालय लागिपरेको भन्दै सरकार नागरिकको जीवनरक्षाका लागि



गम्भीर भएर लागेको मन्त्री बस्नेतले बताउनुभयो । पछिल्लो समय धेरै नागरिकमा मिर्गौला फेल हुने समस्या देखिएको भन्दै यसबाट बच्नका लागि जीवनशैली बदल्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले डायलायसिस गराइरहनुभन्दा जतिसक्दो चाँडो मिर्गौला प्रत्यारोपण गराउने राम्रो विकल्प भएको बताउँदै प्रत्यारोपण गरेपछि सरल तरिकाको जीवन जिउन सकिने बताउनुभयो ।

"अब पैसा नभएर उपचार नपाएर कसैले पनि अकालमा ज्यान गुमाउनुपर्ने छैन, सरकारले सबै क्षेत्रमा स्वास्थ्य सुधार गर्नतर्फ लागेको छ, अब सामान्य उपचारका लागि एक दिन खर्चनुपर्ने बाध्यता हट्दै गएको छ, घर नजिकैसम्म स्वास्थ्य संस्थाहरू सञ्चालनमा आइरहेका छन्, सोहीअनुसार जनशक्ति पनि व्यवस्थापन गर्दैछौँ", मन्त्री बस्नेतले भन्नुभयो, "तल्लो तहका सरकारसँग सहकार्य गरेर पहिलेका अञ्चल अस्पताल सुधार गर्दै गइरहेका छौँ, हरेक निजी अस्पतालमा गरिब तथा विपन्न वर्गलाई १० प्रतिशत छुट गर्ने व्यवस्था हुन थालेको छ ।"

चिकित्सा शिक्षा ऐन सुधार गरेर धेरै विद्यार्थीलाई पढ्न पाउने व्यवस्था गरिरहेको भन्दै देशका कुनाकाप्चामा नर्सिङ र प्यारामेडिक पढ्न पाउने व्यवस्था मिलाउन थालेको र एक हप्तामा त्यसको टुङ्गो लाग्ने उहाँले बताउनुभयो । आम नागरिकले पनि जीवनशैली परिवर्तन गर्नुपर्नेमा उहाँको जोड थियो । पछिल्लो समय स्वास्थ्यमा ध्यान नदिँदा प्राणघातक रोगको सिकार बन्नुपरेको भन्दै उहाँले जीवनशैली बदल्नुपर्ने, शारीरिक व्यायामलाई निरन्तरता दिनुपर्ने भनाइराख्नुभयो । सरकारले आयुर्वेद क्षेत्रको विकास गर्न थालेको भन्दै गण्डकी प्रदेश आयुर्वेद औषधिका लागि उर्वर क्षेत्र रहेको उहाँको भनइ थियो ।

## गठबन्धनमा समस्या छैन : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
चितवन, १७ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अहिलेको गठबन्धनमा कुनै समस्या नभएको बताउनुभएको छ ।

यहाँ बिहीबार पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष नेपालले भन्नुभयो- "गठबन्धनमा त्यस्तो कुनै प्रश्न खडा भएको छैन । गठबन्धन धर्मराएको पनि छैन । बलियो जगमा उभिएको छ ।" धेरै राजनीतिक दल गठबन्धनमा रहेकाले सामान्य समसया आउने उल्लेख गर्दै अध्यक्ष नेपालले ती समस्याको समाधान खोजिने बताउनुभयो । देखिएका समस्याको छलफलबाट उपाय निकालिने उहाँको भनाइ थियो । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र आफ्नो पाटीको बैठक बसेको तथा बिचारहरू आएको उल्लेख गर्दै उहाँले बिचारको आधारमा कुन ढङ्गले अघि बढ्छन् त्यो हेर्न बाँकी रहेको बताउनुभयो । गठबन्धनमा देखिएका दरारलाई समाधान गर्दै अघि बढ्ने अध्यक्ष नेपालको भनाइ थियो ।

## मृगौला पीडित शेर्पालाई १ लाख १० हजार सहयोग हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

मृगौला पिडित पासाङ लिम्वु शेर्पालाई आर्थिक सहयोग हस्तान्तरण गरिएको छ ।

इलाम जिल्ला स्थायी घरभै हाल पोखरा महानगरपालिका वडा नम्वर ६ बस्दै आउनुभएकी शेर्पाको उपचारका लागि संकलित १ लाख १० हजार रुपैयाँ बिहिबार पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङ मार्फत पीडितलाई हस्तान्तरण गरिएको हो । सुवेदार कर्णबहादुर गुरुङले मृगौला पीडित शेर्पाको सहयोगका लागि स्वदेश र विदेशमा रहेका सहयोगीहरुबाट संकलित रकममा पोखरा महानगरपालिकाबाट दश हजार थप गरि रकम हस्तान्तरण गरिएको हो । कर्णबहादुरले सहयोगका लागि निवेदन दिनुभएको थियो । "उपचारको लागि बेलायत, पोखरा लगायतका ब्यक्ति र संस्थाबाट संकलन गरेको र महानगरबाट पनि थप सहयोगका लागि निवेदन दिएको



थिए । यहाँबाट दश हजार प्राप्त भयो, सबै गरेर १ लाख १० हजार उपप्रमुख मार्फत हस्तान्तरण गरियो" कर्णबहादुरले भन्नुभयो ।

उहाँको निवेदन अनुसार महानगरले विपन्नलाई प्रमुख र उपप्रमुखले दश हजार सम्म सहयोग गर्न पाउने व्यवस्था अनुसार उपप्रमुख मञ्जुदेवी गुरुङले दश हजार थप गरि एकमुष्ठ रकम हस्तान्तरण गरिएको हो ।

पीडित शेर्पाका श्रीमान र एक छोरी रहेका छन् । शेर्पा विगत तिन वर्षदेखि मृगौला पीडित रोगको उपचार गराइउदै आउनुभएको छ ।

सहयोग रकम प्राप्त गरेपछि शेर्पाले आफनो उपचारका लागि सहयोग संकलन गर्ने बुबा कर्णबाहदुर गुरुङ र सहयोग गर्ने सम्पूर्णलाई धन्यबाद ब्यक्त गर्नुभयो । "यो सहयोगले मेरो उपचारमा राहत पुग्ने छ" भन्नुभयो ।पोखरा महानगरका उपप्रमुखमञ्जुदेवीगुरुङलेमृगौला पीडित शेर्पाको स्वास्थ्य लाभको कामना गर्दै सहयोग संकलन गर्ने कर्णबहादुरप्रति धन्यबाद ब्यक्त गर्नुभयो ।

## गठबन्धनलाई निरन्तरता दिन हामी प्रतिबद्ध छौँ : प्रधानमन्त्री दाहाल

**रासस**
चितवन, १७ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिलेको गठबन्धनलाई राम्रोसँग लैजान आफूहरू प्रतिबद्ध रहेको बताउनुभएको छ । बिहीबार यहाँ पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले गठबन्धनलाई राम्रोसँग लैजाने कुरामा आफू प्रतिबद्ध रहेको बताउनुभएको हो । उहाँले भन्नुभयो, "गठबन्धन राम्रैसँग गइराखेको थियो, राम्रैसँग लाने कुरामा हामी प्रतिबद्ध थियौँ र छौँ पनि ।" नेपाली कांग्रेसको हालै सम्पन्न महासमितिको बैठकले पनि केही चिज नयाँ हामीलाई आवश्यक नभएका कुराहरू उठेको भन्दै उहाँले यस विषयमा छलफल हुने बताउनुभयो ।

बृहत् शान्ति सम्झौताको हस्ताक्षरकर्ता पार्टी भएकाले उठाउनु नपर्ने विषय उठेको गुनासो आएको भन्दै प्रधानमन्त्री दाहालले यस विषयमा छलफलबाट मात्रै टुङ्गो लाग्ने बताउनुभयो ।

आफूले राष्ट्रियसभामा कृष्णप्रसाद सिटौला जस्ता व्यक्ति आउनुपर्छ त्यसमा केही फरक हुन्छ भनेको भए पनि अहिले वातावरण परिवर्तन भएको प्रधानमन्त्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "यो विषयमा ठोस निर्णय भएको छैन । छलफल चलेको छ ।" पार्टीको बैठकले राष्ट्रियसभाको अध्यक्ष छोड्नु हुँदैन भनेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "औपचारिकरूपमा लिखित निर्णय भएको छैन ।" कोशीमा माओवादी केन्द्रको उम्मेदवार पराजित हुने स्थिति कांग्रेसका कारण भएको भन्दै उहाँले पार्टीका नेता तथा कार्यकर्ताहरू आक्रोशित भएको बताउनुभयो ।

फरक प्रसङ्गमा प्रधानमन्त्रीले चितवनबासीका लागि गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला र भरतपुर विमानस्थल निर्माणको कुरा सुखद रहेको बताउनुभयो । तीन वर्षदेखि बन्न नसकेको रङ्गशाला निर्माणका लागि सङ्घीय सरकारले नीतिगत निर्णय गरेर बाटो खुलाएको बताउनुभयो । आफूहरूले पहिलादेखि नै सोचेको सपना पूरा हुन लागेको उहाँले बताउनुभयो ।

## हलगोरु पाल्नेलाई जैमिनीद्वारा दश हजार अनुदान

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ फागुन

बागलुङको जैमिनी नगरपालिकाले हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप १० हजार अनुदान दिने भएको छ । रैथाने बालीको संरक्षण, स्थानीय स्रोत साधनको उपयोगमार्फत कृषि उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले किसानलाई अनुदान दिने कार्यक्रम ल्याएको हो ।

यसका लागि नगरपालिकाले हलगोरु पाल्ने किसानलाई प्रस्ताव आह्वान समेत गरेको थियो । गोरु पाल्ने र गोरुसँग खेतीपातीमा लाग्ने किसानको पहिचान गरेर प्रोत्साहन उपलव्ध गराउन लागिएको पशु शाखा प्रमुख कृष्णप्रसाद ढकालले बताउनुभयो । दश वडा रहेको नगरपालिकाभरिबाट तीन सय किसानले प्रस्ताव पेश गरेका थिए । पेश भएका प्रस्तावमध्येबाट चालु आर्थिक वर्षमा ३० जना किसानलाई जनही रु दश हजारका दरले प्रोत्सान उपलब्ध गराइने भएको हो । "कृषिमा आधुनिक हाते ट्र्याक्टर भित्रिँदा स्थानीय स्रोत साधनको प्रयोग नै हरायो", उहाँले भन्नुभयो, "गोरु पाल्ने संस्कृति घट्दा बालीका लागि आवश्यक मलमूत्र कमी हुने, बाहिरबाट ल्याएको तेलको प्रयोग बढ्ने भएकाले पनि गोरु पाल्न प्रोत्साहन गर्नुपरेको हो ।" आधुनिक मेसिनको प्रयोगमा किसानको धेरै पैसा विदेशिने भएकाले गोरु पाल्दा त्यो रोकिने नगरपालिकाको विश्वास छ । उहाँले "गोरुको प्रयोगले ढिला होला तर अनुत्पादक हुँदैन्, व्यावसायिक किसानलाई भन्दा आफ्नो लागिमात्रै उत्पादन गर्ने किसानका लागि मेसिनभन्दा गोरुको प्रयोग उपलब्धीमूलक हुन्छ ।" । नगरपालिकाभित्र झण्डै तीन सय बढी हाते ट्र्याक्टरलगायत सामग्री खनजोतका लागि प्रयोगमा छन् । आवश्यक ठाउँमा प्रविधिको प्रयोग र रैथाने तथा मितव्ययी परम्परागत शैलीलाई सँगसँगै लैजाने नीति नगरपालिकाले बनाएको छ । त्यस्तै जैमिनी नगरपालिकाले बीउको रुपमा राँगा पाल्ने किसानलाई समेत प्रोत्साहन गर्न थालेको छ । मासु र दूधमा नगरलाई आत्मनिर्भर बनाउने लक्ष राखेको नगरपालिकाले बीउका लागि राँगा पाल्ने किसानलाई प्रोत्साहन उपलब्ध गराउने भएको हो । चालु आवमा नगरभरिका २० जना किसानलाई जनही रु १० हजारका दरले प्रोत्साहनउपलब्ध गराउन लागिएको ढकालले बताउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

**मोवाइलको लतबाट बालबालिकालाई बचाऔं**

- **मोवाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युझँने समस्या देखिन सक्छ,**
- **मोवाइलको लतले बालबालिकाको मानसिक तथा शारिरीक विकासमा नै असर पुऱ्याउन सक्छ,**
- **मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,**
- **यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,**
- **उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,**

***अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोवाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ढोडबैँसी मालेपाटनको खुदो : मागअनुसार पुर्‍याउनै मुस्किल

**रासस**
पोखरा, १७ फागुन

प्राचीन कालदेखि नै खुदोले चिनिएको क्षेत्र हो पोखरा महानगरपालिका-३२ स्थित मालेपाटन ढोडबैंसी।

प्रत्येक वर्षको पुसे पन्ध्र होस् वा माघे सङ्क्रान्ति यहाँको खुदो किन्ने र खाने प्रचलन प्राचीन कालदेखि नै चल्दै आएको थियो । तीन दशक अघिसम्म पोखरा र यस आसपासका गाउँमा 'लौ है मालेपाटन ढोडबैंसीको खुदो आयो' भन्दै टिनका टिन खुदो बोकेर बेच्दै हिँड्ने प्रचलन नै थियो । पछिल्लो समयमा यातायातको सुविधासँगै बढ्दो बजारीकरणले बोकेर घर-घरमा पुगी खुदो बेच्ने चलन हराए पनि यहाँको खुदोले अहिले पनि उत्तिकै चासो र चर्चा कमाएको छ।

पोखरामा मात्रै नभएर यहाँको खुदोको माग राजधानी काठमाडौँसम्म पनि हुने गरेको छ। कास्की, तनहुँ आसपासका क्षेत्रमा जन्मथलो भई विभिन्न सेवा पेशा र व्यवसायका कारण राजधानी र अन्य शहरमा बस्दै आएका व्यक्तिले वर्षेनी यहीँबाट खरिद गरी खुदो लैजाने गरेको यहाँका स्थानीयवासी बताउँछन्। यहाँको खुदोको माग बढिरहे पनि कृषिप्रतिको अनिच्छालगायतका कारण मागअनुसार पुर्‍याउन नसकिएको स्थानीयवासी बताउँछन् । मालेपाटन ढोडबैंसी क्षेत्रमा उखु खेती सुरु गरिएको यकिन तिथिमिति नभए पनि करिब दुई सय वर्षअघिदेखि नै यहाँ उखु लगाउने र खुदो उत्पादन गर्ने चलन रहेको बुढापाकाको भनाइ छ । खुदो यस क्षेत्रको विशिष्ट पहिचान रहेको र यहाँका स्थानीयवासी व्यावसायिक उखुखेतीमा आकर्षित बनेको मालेपाटन कृषि सहकारी संस्थाका अध्यक्ष महेश्वर पौडेलले बताउनुभयो। दुई सय वर्षदेखिको उखु लगाउने र खुदो उत्पादन गर्ने ऐतिहासिक परम्परालाई जोगाउँदै यसलाई अझै व्यावसायिक बनाउनेतर्फ जोड दिइएको उहाँले बताउनुभयो।

सामान्यतः पुसको दोस्रो हप्तादेखि माघको पहिलो हप्तासम्म पोखरा र आसपासका क्षेत्रमा खुदोको कारोबार हुने गर्दछ । नेपाली संस्कृतिअनुसार पुसे पन्ध्रमा लट्टे (अनदीको चामललाई घ्यू खुदोसहित राखेर बनाइने परिकार) खाने र माघे सङ्क्रान्तिमा खुदो चिउरा खाने चलनले पनि यस अवधिमा यसको खोजी हुने गर्दछ।

उखु लगाएको वर्ष दिनमा पेल्न तयार भएको उखु कोलमा पेल्ने, रस निकाल्ने र पकाएर खुदो बनाउने गरिन्छ । समयको गतिसँगै विगतमा काठे कोलमा पेल्ने गरिएको उखु एक दशक अघिसम्म गोरुका माध्यमबाट कोल घुमाएर पेल्ने गरिन्थ्यो । पछिल्ला वर्षमा भने विद्युतीय कोलको प्रयोग गरी उखु पेल्ने गरिएको उहाँले जानकारी दिनुभयो।

कास्की र आसपासका धेरै स्थानमा विगतमा गर्ने गरिएको उखुखेती लोप हुन लागेको वास्तविकतामा यहाँका स्थानीय यसको व्यावसायिक विस्तारमा जुटेका छन् । व्यावसायिकताको प्रयाससँगै सङ्गठित बनेका यहाँका स्थानीयले २०६७ सालयता मालेपाटन कृषि सहकारी संस्था लिमिटेड स्थापना गरी सञ्चालनमा ल्याएका छन् । सहकारी स्थापनासँगै खुदो र दूधको उत्पादन एवम् बजारीकरणसँगै बाख्रा, कुखुरा पालनलगायत लगानी गरिँदै आएको छ। मालेपाटन र ढोडबैंसी क्षेत्रमा विगतमा रु ७० लाखदेखि रु एक करोडसम्म खुदोको कारोबार हुने गरेको थियो । पछिल्ला वर्षमा उखुमा देखिएको रोग, कृषिप्रतिको अनिच्छालगायत कारणले यसको खेती कम हुँदै गएको छ।

उखु लगाएको एक वर्षमा काट्नका लागि तयार हुने र काटिएको लाँक्रा मेसिनमा पेलेर रस निकालिन्छ । अनी रस पकाइन्छ । उक्त रसलाई घण्टौँ पकाएपछि खुदो तयार हुन्छ। यहाँका किसानले कोलमा उखु पेल्थे। दाइँमा जस्तै गोरुले कोल घुमाउँथे । यस क्षेत्रमा २०५७ सालदेखि भने नयाँ प्रविधिको प्रयोग गरी यन्त्रका माध्यमबाट उखु पेल्ने गरिएको छ । यस वर्ष माघ महिनामा नै यस क्षेत्रमा उत्पादित खुदो सकिएको स्थानीयवासी तारानाथ रिजालले जानकारी दिनुभयो । खुदो खोज्नेको सङ्ख्या बढेपनि मागअनुसार आपूर्ति गर्न नसकिएको उहाँले बताउनुभयो।

पछिल्ला समयमा मालेपाटन ढोडबैंसीको खुदो भन्दै बजारमा अन्यत्रबाट ल्याइएको खुदो बेच्ने क्रम बढेसँगै पोखरा महानगरपालिकाको सहयोगमा विगत दुई वर्ष यता यहाँको खुदोलाई ब्राण्डिङ गरिएको छ। पोखरा महानगरपालिकाको सहयोगमा 'स्वादिलो र विश्वासिलो पोखरा-३२ मालेपाटन र ढोडबैंसीको खुदो' लेखेर सिलबन्दी गरिएको छ । एक वडा एक पकेट कार्यक्रम अन्तर्गत यहाँ उखु खेतीको विस्तारका लागि अघिल्लो वर्ष पोखरा महानगरपालिकाले रु १२ लाख उपलब्ध गराएको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो।

यहाँ उत्पादित खुदोको यस वर्ष पनि प्रयोगशालामा परीक्षण गरिएकोमा गुणस्तरीय पाइएको उहाँले बताउनुभयो । गत वर्ष हावा हुरीका कारण यहाँको उखु खेतीमा केही असर पारेको उहाँले जानकारी दिनुभयो।

"मालेपाटन ढोडबैंसीको खुदोको माग वर्षेनी बढ्दै गरेका अवस्थामा त्यसअनुरुप आपूर्ति गर्न धौधौ हुनेगरेको छ", उहाँले भन्नुभयो, "स्थानीयको जागरुकता बढेमा महानगरपालिकाले गर्न सक्ने सहयोगका लागि हामी निरन्तर लागिरहेकै छौँ ।" उत्पादन बढाउन सकेमा त्यसले स्थानीयको आयआर्जन बढाउने र स्वरोजगारी सिर्जना गर्ने उहाँले बताउनुभयो । मालेपाटन र ढोडबैंसीको खुदो यहाँको पहिचान भएकाले यसको ब्राण्डिङ तथा प्रवर्द्धनका लागि महानगरपालिकाले सहयोग गरेको र आगामी दिनमा पनि निरन्तरता दिने उहाँले बताउनुभयो।

विगतमा यस क्षेत्रमा रैथाने काठे र देशी उखु लगाउने गरिएकोमा त्यो विस्थापन भई २०५० सालमा स्याङ्जाबाट ल्याइएको रिजाल उखु लगाउने गरिएको स्थानीयवासी बताउँछन् । उखुमा लाग्ने गरेको ढुसीजन्य रोग, हावाहुरीको समस्या आदि चुनौतीका रूपमा रहेको उनीहरूको भनाइ छ।

# १/५ जिआर भूपू अन्तर बटालियन च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

भूपू अन्तर बटालियन भलिबल प्रतियोगितामा १/५ जिआर च्याम्पियन बनेको छ।

भारतीय पेन्सन क्याम्प रामबजार पोखराको आयोजनामा बिहिबार सम्पन्न भएको भलिबल प्रतियोगितामा पेन्सन वितरण कार्यालय (पिपिओ ) लाई ३ -१ सेटमा पराजित गर्दै च्याम्पियन बनेको हो। पहिलो सेटमा २५-२३ को जित निकाल्दै मैदान प्रवेश गरेको पिपिओले लगातार ३ सेट २५-२०,२५-१४ र २५-२२ मा हार्दै उपविजेतामा चित्त बुझाउन पर्यो । च्याम्पियन बने संगै १/५ जिआरले नगद ५० हजार शिल्ड,मेडल र प्रमाण पत्र प्राप्त गरेको छ । त्यस्तै उपविजेताले नगद ३५ हजार र शिल्ड,मेडल



र प्रमाणपत्र प्राप्त गर्यो। पाँचौ संस्करणको भूपू अन्तर बटालियन भलिबल प्रतियोगितको समापन कार्यक्रममा रिटार्यड मेजर गम बहादुर गुरुङ,गोर्खा बिग्रेड भूपू समितिका अध्यक्ष रिटार्यड कर्नेल कृष्ण बहादुर खत्री,एभरेष्ट बैकका गण्डकी प्रदेश प्रमुख सुधिर गौतम,नेपाल एसबिआई बैकका गण्डकी प्रदेश प्रमुख मिन बहादुर गुरुङ,भारतीय पेन्सन क्याम्प कार्यालय पोखराका प्रमुख लेफ्निेन्ट कर्णेल प्रशान्त सिहं बघेल लगायतले पुरस्कार वितरण गरेका थियो।

फागुन ९ गते देखि शुरु भएको प्रतियोगितामा १९ टिमले भाग लिएका थियो । प्रतियोगिताको प्रथम र द्धितिय पुरस्कार क्रमश नेपाल एसबिआई र एभरेष्ट बैकले प्रायोजन गरेका थिए।

# विन्ध्यवासिनी माविमा स्टेशनरी वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन



पोखरा महानगरपालिका वडा नं २ वरपाटनस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयका विद्यार्थीलाई स्टेशनरी वितरण तथा आयोडिनबारे सचेतना कार्यक्रम गरिएको छ।

रोटरी क्लब अफ पोखरा लेकसाइड, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालय पोखरा र राष्ट्रिय उपभोक्ता मञ्च कास्कीको संयुक्त आयोजनामा उक्त कार्यक्रम भएको हो । सो अवसरमा कक्षा १ देखि ४ सम्मका ६० जना बालबालिकालाई झोला, स्टेशनरी तथा सचेतनाका लागि आयोडिनयुक्त नून वितरण गरिएको थियो । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड प्रदेश कार्यालय पोखराका प्रमुख सागर शेरचनले आयोडिनबारे सचेतना दिन फेब्रुअरीभरि विविध कार्यक्रम गरिएको बताए। आयोडिन मानव स्वास्थ्यका लागि अत्यावश्यक तत्व भएको बताउँदै उनले दुई बालबालिकाको चिन्हअंकित आयोडिनयुक्त नून नै खानुपर्ने सुझाव दिए। गर्भवती महिलामा आयोडिन कमीले सुस्त मनस्थिति, लाटो तथा विकलाङ्ग बच्चा जन्मिन सक्ने भएकोले सचेत रहनुपर्ने बताए । उनले हावा, पानी र तापको सम्पर्कबाट नुन बचाउनुपर्ने सुझाव दिए।

रोटरी क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष शोभाकान्त सिग्देलले अहिलेका बालबालिका भविष्यका कर्णधार भएकोले आयोडिनयुक्त नून प्रयोग गरी विकलाङ्ग हुनबाट बचाउनुपर्ने बताए । उनले रोटरी लेकसाइडले सामाजिक उत्तरदायित्वअन्तर्गत विविध कार्यक्रम गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि यसरी नै मिलेर काम गर्ने बताए।

राष्ट्रिय उपभोक्ता मञ्च कास्की अध्यक्ष राजेन्द्र लिगलले उपभोक्ता हकहितका पक्षमा बोलेका थिए । उनले मानव स्वास्थ्यका लागि आयोडिनयुक्त नूनको आवश्यकता औंल्याए। विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजेन्द्र बाटाजूले विद्यालयको आम्दानीको स्रोत खासै नभएको बताउँदै गरिब वर्गका बालबालिकाको शिक्षाका निम्ति भने रोजाइ थलो बनेको बताए । विद्यालयका प्रधानाध्यापक वसन्तराज पाण्डेले सहयोगप्रति आभार व्यक्त गरे। २०२१ माघ २३ गते स्थापना भएको विन्ध्यवासिनी माविमा हाल कक्षा १२ सम्म ६ सय विद्यार्थी पढ्ने गरेको बताए। शिक्षक कर्मचारी २७ जना छन्।

प्लस टुमा व्यवस्थापा र शिक्षा संकाय संचालित छ । समारोहमा शिक्षासेवी विकल शेरचन, विद्यालयको शिक्षक अभिभावक संघ अध्यक्ष प्रेमप्रसाद गुरुङ, रोटरी क्लव अफ पोखरा लेकसाइडका सदस्य आमोद कोइराला, पत्रकार विजय नेपाल, शिक्षक कर्मचारी, विद्यार्थी लगायतको उपस्थिति रहेको थियो।

# राष्ट्रिय माविको हीरक जयन्तीमा निःशुल्क स्वास्थ्य शिविर गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा आफनो हीरक महोत्सव मनाइरहेको पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्ने भएको छ।

विद्यालयका पुर्व विद्यार्थी समेत रहेका हिरक महोत्सव स्वास्थ्य शिविर कार्यक्रम उपसमितिका संयोजक वरिष्ठ फिजिसियन डा वसन्त ताम्राकार र अर्का पुर्व विद्यार्थी वालरोग विशेषज्ञ डा विनोद तुलाचनको अगुवाईमा आउदो मंगलबार र बधबार अर्थात २२ र २३ फागुनमा विद्यालय परिसरमा शिविर संचालन हुने भएको हो।

संयोजक ताम्राकारका अनुसार विशेष गरि शिविरमा साना वालवालिकाहरुको मुटुको परिक्षण गरि जन्मजात कुनै समस्या छ छैन् त्यसको परिक्षण गरिने छ भने कक्षा ११ र १२ का विद्यार्थीहरुको व्लड ग्रुप छुट्याउने काम हुनेछ । पहिलो चरणमा विद्यालयका विद्यार्थीहरुको स्वास्थ्य शिविर गरिने र पछि अर्को शिविर आयोजना गर्ने उनले जानकारी दिए। विद्यार्थीको लागि मात्र दुई देखि तीन दिन लाग्ने र पछि अर्को दिन पुन अर्को शिविर गर्ने भनाई उनको छ । शिविरमा आवश्यकता अनुसार औषधीहरु समेत वितरण गरिने भएको।

२० मंसिर ०८० मा आफनो स्थापनाको ७४ औ वर्ष पुरा गरि ७५ औ वर्षमा प्रवेश गरेको विद्यालयले हीरक महोत्सव २० मंसिर ०८० देखि २० मंसिर ०८१ सम्म एक वर्ष विविध कार्यक्रम गरि मनाईरहेको छ। यस अघि गत २० मंसिरमा प्रभातफेरी सगै हीरक महोत्वको शुभारम्भ गरिएको थियो। हिरक महोत्सव अर्न्तगत यस अघि २७ माघमा विद्यालयले खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा ७५ युनिट रगत संकलन भएको थियो।

हिरक महोत्सव अर्न्तगत आउदो ८ बैशाख ०८१ मा विद्यालयमा अध्यूयन गरेका पुर्व विद्यार्थी, पुर्व शिक्षक/कर्मचारी, पुर्व विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एंव सदस्यहरु बिच परिचय सगै अनुभव आदान प्रदानको गर्ने उदेश्यले पुनमिलन समारोह आयोजना हुने भएको छ।

## हलगोरु ...


हलगोरु र राँगा पाल्ने किसानको तथ्याङ्क तयार गरेर कार्यक्रमलाई निरन्तरता दिने योजना छ। जैमिनी नगरपालिकाका बैंसी फाँटमा हाते ट्र्याक्टरको प्रयोग बढ्दो भए पनि लेकका खेतबारीमा गोरुले जोत्ने प्रचलन कायम छ। पछिल्लो समय रैथाने स्थानीय जातका गाई पाल्नेको सङ्ख्यामा कमी आउँदा गोरु पाउनसमेत कठिन हुने गरेको किसान रुद्रप्रसाद शर्माले बताउनुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौँ ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# भ्रष्टाचारको बेथिती

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै संघर्ष गर्नुपर्ने देखिएको छ । तीनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनीतिज्ञ, कर्मचारी र आमनागरिकमा सुशासनप्रतिको दायित्वबोध नहुन्जेल भ्रष्टाचार नियन्त्रणमा आशातित सफलता हासिल गर्न नसकिने भएको छ। सबैभन्दा पहिला निष्ठा, सिद्धान्त र विचारसहित मूल्यमान्यताको राजनीति स्थापित हुनुपर्छ । राज्यका अंगहरूमा दलीयकरण हुनु हुँदैन । कर्मचारीले खाएको घुस र माछाले खाएको पानीको हिसाब राख्न सकिन्न भनेर विद्वान् चाणक्यले भनेका थिए । तर ऊ बेलाको जस्तो अवस्था अहिले छैन, अहिलेका कर्मचारीले माछाले पानी खाएको जस्तो गरिमात्रै घुस खाँदैनन्, भ्रष्टाचार गर्दैनन् । सात पुस्तालाई पुग्ने गरी सम्पत्ति थुपार्ने ध्याउन्नमा लागेकाहरूको चरित्र विचित्रको छ ।

राष्ट्रसेवकको आवरणमा कतिपयले राज्य स्रोतको दुरुपयोग गरी करोडौंकरोड थुपारेका उदाहरण सामान्य हुन थाल्नु मुलुकमा भ्रष्टाचार कतिसम्म मौलाएको छ भन्ने दृष्टान्त हो। घुस खाने र भ्रष्टाचार गर्ने कर्मचारीमात्रै होइनन् । बदनियत भएका सीमित त्यस्ता कर्मचारी र नेतादेखि व्यापारी एवं विभिन्न पेसा, व्यवसायी पनि भ्रष्टाचार गर्छन् वा भ्रष्टाचारको मतियार बन्छन्। त्यसैले त ट्रान्सपरेन्सी इन्टरनेसनलले निकालेको भ्रष्ट मुलुकहरूको यो वर्षको सूचीमा नेपाल १०८औं दर्ज भयो ।

भ्रष्टाचारका रूप बहु छन् । अर्थात् भ्रष्टाचार बहुरुपिया छ । घुस खानु एक खालेको भ्रष्टाचार हो । भ्रष्टाचार त्यतिमा सीमित हुँदैन। आफ्नालाई मात्रै फाइदा हुने गरी नीति निर्माण गरिदिने भ्रष्टाचार झनै ठूलो छ । नियम कानुन बनाएर भएभरको सुविधा लिने र जनताका लागि अत्यावश्यक सेवामा कन्जुस्याइँ गर्ने प्रवृत्तिलाई पनि भ्रष्टाचारै भन्नुपर्छ । काम मिलाइदिने वा सेटिङको भ्रष्टाचार अर्कोथरी छ। बिचौलियाहरू सेटिङ मिलाउँछन् र कमाउँछन् । किन्नै नपर्ने सामान किन्ने वा बनाउने नपर्ने आयोजना र योजना बनाएर गर्ने कर्म नांगा आँखाबाट झट्ट होइन कि जस्तो लाग्ने भ्रष्टाचार हो राज्यका नियुक्तिहरूमा आफ्ना र आफ्नामात्रैलाई अवसर दिनु राजनीतिमा मौलाइरहेको भ्रष्टाचार छ अर्को ।

भ्रष्टाचार कतिपय अवस्था सीधै कानुनको नजरमा प्रष्ट हुन्छ र कारबाहीको दायरामा पनि ल्याउन सकिन्छ । अर्कोतर्फ, भ्रष्टाचार मिलिभगतमै हुने हुँदा सबै काण्डहरू राज्यका जिम्मेवार निकायले पत्ता लगाउन सक्दैन पनि । यसै त मुलुकमा सुशासन छैन। राज्यका अंग र निकायहरू कमजोर छन् । न्यायापालिकामै राजनीतिक भागबन्डाको भ्रष्टाचार दलहरूले गरिरहेका छन् । यी बहुरुपिया र बहुचरित्रका भ्रष्टाचारको नियन्त्रणको पहिलो कदम राजनीतिबाट सुरु नगरी सम्भव हुन्न । सबैभन्दा पहिला निष्ठा, सिद्धान्त र विचारसहित मूल्यमान्यताको राजनीति स्थापित हुनुपर्छ । राज्यका अंगहरूमा दलीयकरण हुनु हुँदैन । योग्यलाई जिम्मेवारी दिने संस्कार बसाल्नुपर्छ। तबमात्रै सरकारले सदाचार स्थापित गर्न सक्छ। होइन भने भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नारामै सीमित हुन्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वस्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# विद्यार्थीलाई सीपसँग जोड्दै सामुदायिक विद्यालय

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ फागुन

तनहुँको आँबुखैरेनी गाउँपालिका-४ आमडाँडास्थित चण्डेश्वरी आधारभूत विद्यालयले विद्यार्थीलाई सीपसँग जोड्न थालेको छ । पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यालयले विद्यार्थीलाई सीपसँग जोड्दै व्यवहारिक सीप प्रदान गरेको हो ।

गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमबमोजिम विद्यालयमा लहरे बालीको नर्सरी स्थापना गरी त्यहाँबाट उत्पादित बेर्ना बिक्री थालिएको विद्यालयका प्रधानाध्यापक कुवेर ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार ८० विद्यार्थीले लहरे बालीको नर्सरी व्यवस्थापनमा प्राविधिक ज्ञान हासिल गर्नाका साथै बेर्ना उत्पादन भएर बिक्री सुरु गरिएको छ । पहिलो चरणका चार सय बेर्ना दोस्रो आँबुखैरेनी महोत्सवमा लगेर बिक्री गरिएको प्रधानाध्यापक ढकालले बताउनुभयो । उहाँले भन्नुभयो, "पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत अहिलेको मौसमअनुसार लहरे बालीलाई अगाडि बढाउनुपर्छ भन्ने हेतुले विद्यार्थी, शिक्षक र अभिभावकको सहभागितामा बेर्ना उत्पादन गरेका थियौं । चार सय बेर्ना उत्पादन भएकामा अधिकांश बेर्ना बिक्री भइसकेको छ ।" प्रधानाध्यापक ढकालका अनुसार लहरे बालीको बेर्ना बिक्रीका लागि आँबुखैरेनी महोत्सव फलदायी भएको छ । गाउँपालिकाले बेर्ना बजारीकरणका लागि सहजीकरण गरिदिएको थियो । उक्त विद्यालयका विद्यार्थीले गत वैशाखमा अदुवा र हलेदोखेतीको सुरुआत गरेका थिए। दुई रोपनी जमिनमा अदुवा र हलेदो रोपिएको थियो। उहाँले भन्नुभयो, "यो कार्यक्रमले अध्ययनका साथै व्यवहारिक सीप सिकाउन मद्दत मिलेको छ। यसले विद्यार्थीलाई धेरै कुराको ज्ञान भएको छ।" शिक्षासँग सीप अभियानलाई अगाडि बढाउन गाउँपालिकाले चालु आर्थिक वर्षमा विभिन्न विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सुरु गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँका अनुसार मित्रता माध्यमिक विद्यालयमा चित्रकला, सयपत्री फूलखेती, कन्यादेवी माध्यमिक विद्यालयमा कुखुरापालनलगायत कार्यक्रम सुरु गरिएको छ।

उहाँले भन्नुभयो, "विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउन सकिन्छ भन्ने दृढ इच्छाशक्तिका साथ शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्नुपर्छ। सीपयुक्त एवं स्वावलम्बी नागरिक उत्पादन गर्ने मुख्य लक्ष्यसहित यो कार्यक्रम सुरु गरेका हौं ।" गाउँपालिकाले विद्यालयको माग र आवश्यकताका आधारमा अन्य विद्यालयमा पनि यो कार्यक्रम सुरु गर्ने तयारी गरेको छ।

Free On-line English Course
REGISTER TODAY
on
www.worldenglishinstitute.org
Free English Classes at Lakeside Pokhara
with experienced American teachers,
Call on 9826139023
for more information

**भिजन गण्डकी इन्भेष्टमेन्ट ग्रुप लिमिटेडको**
**वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

**भिजन गण्डकी इन्भेस्टमेन्ट ग्रुप लिमिटेड** (लि.नं. २६७८४८) को मिति २०८०/११/१७ को संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **वार्षिक साधारण सभा** देहायको मिति, समय र स्थानमा हुने हुँदा उपस्थिति भई दिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ।

**कार्यक्रमः**
मिति :२०८०/१२/२३ गते
समय : दिनको ३:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, पोखरा म.न.पा.-१७, कास्की

**छलफलका विषयहरु**
(क) सामान्य प्रस्तावः
(१) आ.व. ०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
(२) आ.व. ०७९/०८० को लेखापरिक्षण प्रतिवेदनसहित वासलात, नाफा नोक्सान, हिसाब तथा नगद प्रवाह लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. ०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
(४) विविध

आज्ञाले
संचालक अध्यक्ष

# उत्पादन लागत घटाउन कृषिमा यान्त्रिकीकरण

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ फागुन

बागलुङ नगरपालिकाले कृषिजन्य वस्तुको उत्पादन लागत घटाउनका लागि यान्त्रिकीरणको प्रयोगमा जोड दिएको छ । नगरपालिकाले नीति तथा कार्यक्रममा स्वीकृत योजनाअन्तर्गत किसानलाई अनुदानमा थ्रेसर मेसिन प्रदान गरेको हो ।

नगरपालिकाले पाँच सय किसानलाई सेवा दिनेगरी तीनवटा किसान समूह, एउटा सहकारी संस्था र छ किसानलाई गरी १० वटा थ्रेसर मेसिन पचास प्रतिशत अनुदानमा उपलब्ध गराएको हो । नगरपालिकाले वडा तहगतरूपमा पायक पर्नेगरी गहुँ, कोदो र धान चुट्ने थ्रेसर मेसिन हस्तान्तरण गरिएको जनाएको छ । दक्ष जनशक्तिको अभावमा खेतीयोग्य जमिन बाँझिदै गएपछि कृषिमा यन्त्रिकीकरण बढाउन सुरु गरिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठको भनाइ छ । गत वर्ष मिनीटेलर हलो अनुदानमा वितरण गरेको नगरपालिकाले यसपटक थ्रेसर मेसिन हस्तान्तरण गरेको उहाँले जानकारी दिनुभयो । नगरपालिकाले चालु आर्थिक वर्षमा मेसिन खरिदका लागि रु तीन लाख बजेट विनियोजन गरेको थियो । नगरपालिकाले एउटा थ्रेसर मेसिनलाई रु ५८ हजारमा खरिद गरी ५० प्रतिशत अनुदानमा किसानलाई उपलब्ध गराएको हो । "एउटा मेसिनले ५० घरलाई धान, गहुँ, तोरी र कोदो चुट्न पुग्छ। प्रविधिको प्रयोगले जनशक्ति पनि कम खर्च हुन्छ", नगरप्रमुख श्रेष्ठले भन्नुभयो, "लागत घटेपछि किसानलाई नाफा बढ्छ ।" गाउँमा युवा पलायनले जनशक्ति नहुँदा धान, गहुँ, कोदो स्याहार्न समस्या हुने भएपछि अनुदानमा मेसिन उपलब्ध गराइएको उहाँको भनाइ छ। अनुदानमा थ्रेसर मेसिन पाउँदा सहज भएको किसान सुरेश विकले बताउनुभयो। "दैनिक ज्यालादारीमा धान, गहुँ चुट्दा धेरै खर्च लाग्छ, थ्रेसर मेसिनले एकै घण्टामा सक्ने काम दिनभर गर्न गाह्रो हुन्छ, यसले समय र खर्च दुवै बचाएका छ", विकले भन्नुभयो । पालिकाले कालिमाटी कृषक समूह, ठाडाँस्वारा कृषक समूह, रूम्टा कृषक समूह, पालुवा कृषि सहकारी र छ किसानलाई मेसिन हस्तान्तरण गरिएको जनाएको छ।

# सातै प्रदेशमा 'कला प्रदर्शनी'को थालनी

**रासस**
काठमाडौं, १७ फागुन

नेपाली ललितकला क्षेत्रमा यसवर्ष पहिलो पटक सातै प्रदेशमा ' प्रादेशिक ललितकला प्रदर्शनी २०८० 'को थालनी भएको छ।

मुलुकको सङ्घीयताअनुरुप सातै प्रदेशलाई समान स्थान दिँदै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले यसपटकबाट सातै प्रदेशमा प्रदेशस्तरीय कला प्रदर्शनीको सुरुवात गरेको हो । कर्णाली प्रदेशको सुर्खेतबाट आज सुरु भएको उक्त प्रदर्शनी आगामी चैत १६ गतेसम्म चल्ने छ। सातै प्रदेशमा झण्डै एक महिनासम्म प्रादेशिक प्रदर्शनी हुने प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केली काफ्लेले जानकारी दिनुभयो। उहाँले अन्य प्रदेशका प्रदर्शनीको पनि तयारी लगभग पूरा भएको बताउनुभयो। नेपाल ललितलका प्रज्ञा-प्रतिष्ठानको आयोजनामा 'सामाजिक रूपान्तरण : ललितकलाको अभियान' भन्ने मूल नाराका साथ उक्त कार्यक्रम आयोजना गरिएको हो । प्रदेशस्तरमा समावेश गरिएका तस्बिर मात्रै काठमाडौँको राष्ट्रिय प्रदर्शनीमा समावेश गरिने छन् । प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालिले भन्नुभयो, "प्रदर्शनीलाई विगतमा सिधैं राष्ट्रिय (केन्द्र) भनेर काठमाडौं केन्द्रित गरिएको थियो, त्यसो गर्दा भौगोलिक र आर्थिक रूपले सर्जकको सहभागिता खासै नभएको सन्दर्भमा पहिलो पटक प्रदेश प्रदर्शनीले अझ बढी उत्साह जगाएको छ ।" उहाँले यसपटक पुरस्कार रकम थप गरिएको जानकारी दिनुभयो । कर्णालीको प्रदर्शनीमा ४६ कलाकारका ६६ कलाकृति समावेश गरिएका छन् । कर्णाली प्रदेशको प्रदर्शनी यही फागुन २१ गतेसम्म चल्नेछ । गण्डकीमा फागुन १९-२३ गतेसम्म, सुदूरपश्चिममा फागुन २०-२४ सम्म, लुम्बिनीमा फागुन २२-२६ सम्म, कोशीमा फागुन २९ देखि चैत ३ सम्म, मधेसमा चैत २ देखि चैत ५ सम्म तथा बागमतीमा चैत १२ देखि १६ गतेसम्म प्रदर्शनी गरिने छ।

# सालिकसहितको उद्यान निर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ फागुन

बागलुङ नगरपालिका-१० पर्यटकीय गाउँ भकुण्डेमा ग्रामीण पर्यटनका अगुवाको सम्झानामा सालिकसहित उद्यान बनाइएको छ। चार वर्षदेखि थालिएको उद्यान तथा सालिक निर्माणले अहिले पूर्णता पाएको हो ।

बागलुङको भकुण्डे गाउँमा पहिलो पटक १० रोपनी जग्गामा 'अतिथि सत्कार घरबास' (होमस्टे) सञ्चालनमा ल्याएर ग्रामीण पर्यटनका अगुवाका रुपमा परिचय बनाउनुभएका क्याप्टेन रुद्रमान गुरुङको सम्झनामा उहाँको अर्धकदको सालिकसहित उद्यान बनाइएको छ । उक्त पार्कमा निर्माण गरिएको क्याप्टेन गुरुङ स्मृति पार्कको मङ्गलबार प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री दीपेन्द्र थापाले उद्घाटन गर्नुभयो । थापाले उद्यानमा राखिएको स्वर्गिय गुरुङको सालिकसमेत अनवारण गर्नुभएको थियो। उद्यान उद्घाटन र सालिक अनावरणपछि पर्यटनमन्त्री थापाले ग्रामीण क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले निर्मित घरबासले यहाँको आर्थिकस्तर उकास्नुका साथै स्थानीयलाई रोजगारीको अवसरसमेत सृजना गरेको बताउनुभयो । "अर्गानिक खाना खुवाउँदा गाउँमा भित्रिएको रकम बाहिर पठाउन पर्दैन । समृद्ध गाउँको परिकल्पना गरेर घरबास सञ्चालन गरी पर्यटनका माध्यमबाट प्रशस्त सम्भवको पहिचान गरिएको छ", उहाँले भन्नुभयो, "ग्रामीण पर्यटन तथा घरबासको परिकल्पनाकारको सम्झनामा निर्माण गरिएको सालिक र उद्यानले उहाँको कल्पनालाई साकार पारेको छ ।" पर्यटनमन्त्री थापाले पार्कमा थप पूर्वाधार बनाउन आगामी वर्ष पर्यटन मन्त्रालयबाट बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाउनुभयो । भकुण्डेबासीको आर्थिक विकासको माध्यम बनेका घरबासलाई थप पूर्वाधार विस्तारका लागि प्रदेश सरकार सदैव सहयोग गर्न तयार रहेको उहाँको भनाइ थियो। जिल्लाको पर्यटकीय गाउँ भकुण्डेमा घरबास पर्यटन सुरु भएको एक दशक हुन लागेको छ। घरबास प्रवर्द्धनका लागि चार वर्ष अघिदेखि निर्माण थालिएको स्मृति पार्कमा अहिलेसम्म रू ३९ लाखको पूर्वाधार निर्माण भइसकेको छ।

यहाँ मुलाबारी भ्यूटावर, सङ्ग्रहालयसँगै पार्क निर्माण गरेपछि यहाँ आउने पर्यटकसमेत वृद्धि भएको स्थानीय बताउँछन् । घरबासको खानाका परिकारले मात्रै पाहुना आकर्षित नहुँने भन्दै पर्यटक रमाउने र बासको परिकल्पना गरेर पार्क निर्माण थालिएको स्मृति पार्क निर्माण समितिका सल्लाहकार एवं पर्यटन प्रवर्द्धनका अगुवा खिम बहादुर थापाले बताउनुभयो । "प्रदेश सरकारले यहाँका सामुदायिक घरबासलाई रू १० लाखका दरले पूर्वाधार निर्माणमा अनुदान दिने निर्णय गरेको थियो । त्यही अनुदानबाट पार्क बनाउन सुरु गरेका हौं", उहाँले भन्नुभयो, "घरबासलाई दीर्घकालीन रुपमा फाइदा पुऱ्याउन पार्कले महत्वपूर्ण भूमिका खेल्नेछ ।" थापाका अनुसार १० रोपनी जग्गामा फैलिएको उद्यानको तारबार, दुईतर्फ प्रवेशद्वार, सार्वजनिक भवन, खानेपानी शौचालयसहित गुरुङको सालिक स्थापना भइसकेको छ । पर्यटन मन्त्रालयको घरबास प्रवर्द्धन कार्यक्रमअन्तर्गत रू १० लाख, दुई आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयबाट रू २० लाख र बागलुङ नगरपालिकाको रू चार लाख गरी रू ३४ लाख खर्च भइसकेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार स्थानीय, सरोकारवाला निकाय र पर्यटन व्यवसायीले पार्क निर्माणमा रू पाँच लाख चन्दा सहयोग गरेका छन् । विस्तृत अध्ययन प्रतिवेदनअनुसार पार्कले पूर्णता पाउन रू तीन करोड लाग्ने जनाइएको भएपनि पार्क सञ्चालनका लागि आधारभूत पूर्वाधार निर्माणमा अझै रू ५० लाख खर्च गर्न आवश्यक रहेको निर्माण समितिका सल्लाहकार थापाको भनाइ छ । पार्कको चार रोपनी जग्गामा फलफूल बगैंचा, एक रोपनी जग्गामा फूल बगैंचा र दुई रोपनी जग्गामा चिल्ड्रेन पार्क निर्माण गर्ने लक्ष्य लिइएको अतिथि सत्कार सामुदायिक घरबासका अध्यक्ष मुना थापाले बताउनुभयो । उहाँले पार्क सञ्चालनको खर्च पार्कबाटै उठाउने गरी फलफूललाई आम्दानीको स्रोत बनाउने लक्ष्य राखिएको जानकारी दिनुभयो । बागलुङ नगरपालिकाले पर्यटकीय गाउँका रुपमा भकुण्डेलाई विकास गर्न लागेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार उद्यानमा पर्यटनसँग सम्बन्धित खोज र अनुसान्धानका सामग्रीसमेत रहने छन् ।

अहिले घरबासमा आन्तरिकसँगै विदेशी पर्यटकसमेत आउन थालिसकेका उहाँको भनाइ थियो । अष्ट्रेलियन नागरिक टमी र भूतपूर्व गोरखा सेनाका अवकाशप्राप्त लाहुरे गुरुङले विसं २०५४ असोजदेखि स्याङ्जाको सिरुबारीमा नेपालको पहिलो ग्रामीण पर्यटन गाउँ सञ्चालन गर्नुभएको थियो । उहाँहरूको अवधारणामा नेपालमा घरबास पर्यटन थालिएको भन्दै बागलुङका घरबास सञ्चालकले यहाँ वृहत पार्क निर्माण गरी गुरुङलाई सम्मान प्रदान गरिएको सामुदायिक घरबासका अध्यक्ष थापाले जानकारी दिनुभयो।

घरबासमा एकै रातमा ५० जना पहुँना राख्न सकिने घरबास सञ्चालकको भनाइ छ। घरबासमा पहुँनाको रोजाइअनुसारको सेवा सुविधा दिइँदै आइएको अध्यक्ष थापाले बताउनुभयो।

# कुश्माका सामुदायिक विद्यालयमा 'स्मार्ट स्कुल' कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
पर्वत, १७ फागुन

सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने उद्देश्यले पर्वतको कुश्मा नगरपालिकाले 'स्मार्ट स्कुल' कार्यक्रम सुरु गरेको छ।

शिक्षक तथा विद्यार्थीलाई आधुनिक प्रविधिसँग जोड्नका लागि पहिलो चरणमा १३ वटा विद्यालयमा यो कार्यक्रम थालिएको हो । कार्यक्रम लागू भएका विद्यालयका हरेक क्रियाकलापलाई 'डिजिटल' रूपमा व्यवस्थापन गर्नका लागि 'कोड लजिक टेक्नोलोजिज' ले तयार पारेको 'स्मार्ट स्कुल' 'एप्लिकेशन' को प्रयोगलाई विस्तार गरिएको नगरपालिकाले जनाएको छ।

कुश्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद तिवारीका अनुसार शिवालय माध्यमिक विद्यालय कुश्मा, पाङधैरेनी माध्यमिक विद्यालय पाङ्मा, नारायण माध्यमिक विद्यालय कुश्मा, शिवालय माध्यमिक विद्यालय कुश्मा, सार्वजनिक माध्यमिक विद्यालय कटुवाचौपारी, जनक माध्यमिक विद्यालय थुम, काफलचौर माध्यमिक विद्यालय दुर्लुङमा यो कार्यक्रम लागू गरिएको हो । यसैगरी नुवार सुवेदीथर माध्यमिक विद्यालय पाङ, कालिका माध्यमिक विद्यालय खुर्कोट, मङ्गलोदय माध्यमिक विद्यालय चुवा, जनता सुदर्शन माध्यमिक विद्यालय ठूलीपोखरी, पञ्चाकोशी माध्यमिक विद्यालय आर्थर र विश्वज्योति माध्यमिक विद्यालय शिल्मीमा कार्यक्रम लागू गरिएको हो।

तिवारीका अनुसार गत आर्थिक वर्षमा शिवालय माध्यमिक विद्यालय कुश्मा र पाङधैरेनी माध्यमिक विद्यालय पाङमा परीक्षणको रूपमा कार्यक्रम लागू गरिएकोमा यस वर्ष थप ११ विद्यालयमा कार्यक्रम लगेर १३ विद्यालयलाई प्रविधिमैत्री बनाइएको तिवारीको भनाइ छ। यस वर्ष झण्डै रु पाँच लाखको लागतमा ११ वटा विद्यालयमा लागू गरिएको विद्यालय 'सफ्टवेयर'लाई विद्यालयहरूले प्रभावकारीरूपमा प्रयोग गर्दै विद्यालयलाई प्रविधिमैत्री बनाएमा आगामी वर्षमा निरन्तरताका लागि आवश्यक पर्ने बजेटमा सघाउन सकिने नगरपालिकाका शिक्षा अधिकृत दीपक सुवेदीले जानकारी दिनुभयो। परीक्षणको रूपमा लागू गरिएका विद्यालयबाट सकारात्मक प्रतिक्रिया आएको र ती विद्यालयमा काम गर्नसमेत सहज भएपछि अन्य विद्यालयको मागअनुसार यस वर्ष धेरै विद्यालयमा योजना लागू गरिएको सुवेदीले बताउनुभयो।

कुश्माको पहिलो नगरसभाले शिक्षाका लागि रु एक करोड ४० लाख विनियोजन गरेको थियो । पछि विस्तारै बजेट घट्दै गएकाले विद्यालयको मागअनुसार कार्यक्रम गर्न नसकिएको उहाँको भनाइ छ । अहिले रु ३० लाख बजेट रहेको छ। रकम अभाव भएकै कारण चाहेर पनि अरू विद्यालयमा यस वर्ष सहयोग गर्न नसकिने उहाँको भनाइ छ।

कुश्मा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक ईश्वर गिरीका अनुसार करिब रु पाँच लाखको लागतमा नयाँ विद्यालयमा 'सफ्टवेयर' राखिएको हो । यसबाट विद्यार्थीको व्यवस्थापन तथा तथ्याङ्क, शिक्षक तथा कर्मचारीको तथ्याङ्क, परीक्षा सञ्चालन, लेखा प्रणालीको व्यवस्थापन, विद्यालयमा रहेका पूर्वाधारको एकीकृत तथ्याङ्क, भर्चुअलरूपमा सञ्चालन गरिने कक्षालगायतका विशेषता रहेकाले विद्यालयले यसबाट धेरै फाइदा लिन सक्ने उहाँको भनाइ छ । सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै गएका बेला प्रविधिमैत्री बनाउँदा विद्यार्थीको आकर्षण बढ्ने र शिक्षकलाई पनि गुणस्तरीय शिक्षा दिन सहज हुने शिक्षक दामोदर पौडेलले बताउनुभयो।

# बेनी नगरपालिकाभित्र हुक्का निषेध

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ फागुन

म्याग्दीको बेनी नगरपालिका क्षेत्रभित्र हुक्का सेवन गर्न प्रतिबन्ध (निषेध) गरिएको छ।

सुर्तीको धुलो खुदोमा मिसाएर बनाइएको धूमपान गर्ने वस्तु हुक्का (तमाखु)ले जनस्वास्थ्यमा गम्भीर असर पार्ने र युवायुवतीलाई कुलतमा लगाउने गरेको निष्कर्ष निकाल्दै नगरपालिकाले बुधबारदेखि हुक्का सेवन र बेचबिखनमा प्रतिबन्ध लगाएको हो । गत माघ २५ गतेको नगर कार्यपालिकाको बैठकले गरेको निर्णयअनुसार हुक्कालाई पूर्णरुपमा बिक्री वितरण र सेवनमा निषेध गरिएको नगर प्रमुख सुरत केसीले जानकारी दिनुभयो । पछिल्लो समय बजार क्षेत्रमा युवायुवती हुक्का सेवनका कुलतमा फस्दै गएका थिए । युवायुवतीलाई कुलतमा लैजान हुक्काले प्रत्यक्ष प्रभाव पारेपछि नगरपालिकाले नीतिगत निर्णय गरी आवश्यक छलफल र तयारीका साथ हुक्का सेवन र बिक्री वितरणमा निषेध गरिएको उहाँले बताउनुभयो । नगरपालिकाले सार्वजनिक सूचना नै जारी गरेर हुक्का सेवन एवं बिक्री वितरणमा रोक लगाएको जनाएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को नगरपालिकाको काम, कर्तव्य र अधिकारमध्ये दफा ११ को उपदफा २ खण्ड (ञ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाइअन्तर्गत रही स्थानीय वातावरणमा र मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने भएकाले हुक्कालाई पूर्णरुपमा निषेध गर्ने निर्णय गरिएको नगरपालिकाले जारी सूचनामा उल्लेख छ । कसैले अवज्ञा गरी हुक्का बिक्री वितरण गरेको पाइएमा सुरक्षा निकाय र नगर प्रहरीमार्फत जफत गरी कानुनअनुसार अधिकतम कारबाही गरिने व्यवस्थासमेत गरिएको प्रमुख प्रशासकीय अधिकृत नेत्र पौडेलले जानकारी दिनुभयो। नगरपालिकामा हुक्का निषेधसँगै जिल्ला प्रशासन, प्रहरीसहितको अनुगमन र समुदायस्तरमा समेत हुक्काको प्रयोगलाई निरुत्साहितसहितको सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने नगरपालिकाले जनाएको छ । यसअघि नगरपालिकाले जनप्रतिनिधि, नगरभित्रका होटल तथा रेष्टुराँ व्यवसायीसँग समेत छलफल गरेर हुक्कालाई प्रतिबन्ध लगाउने योजनालाई अघि बढाएको थियो।

# 'सोच बदलौँ, खुसी आफैँ मिल्छ'

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ फागुन

कोरोना महामारीका समयमा योग र ध्यानले अलि बढी चर्चा पायो । बिरामीमा आयुर्वेदिक पद्धति अपनाउने र योग ध्यान गर्ने बानी बढ्न थाल्यो । पछिल्लो समय योग, ध्यान र खेलकुदका गतिविधि बढ्न थाल्नाका साथै मानसिक स्वास्थ्यमा सुधार आएको जानकारहरू बताउँछन्।

दैनिक गरिने योगले शारीरिक र मानसिक स्वास्थ्यलाई स्वस्थ बनाउने योगविद्हरूको भनाइ छ । बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा जारी अनन्तश्री ब्रह्माण्डीय महायज्ञको आठौँ दिन योग तथा खेल सम्मेलनमा विज्ञहरूले नेपाल योगको भूमि भएको बताए । उनीहरूले योगले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्यलाई सवल बनाउनेमा जोड दिए।

सम्मेलनमा प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानामगरले समृद्ध देशको लागि पहिले सर्वसाधारणको आर्थिक र मानसिक स्वास्थ्य समृद्ध हुनुपर्ने बताउनुभयो। समृद्धिका कुरा गर्नुपूर्व स्वास्थ्यमा समृद्धिको खोजी अहिलेको आवश्यकता रहेको उहाँको भनाइ थियो । "हामी समृद्धिको कुरा गर्दछौं", उपसभामुख रानामगरले भन्नुभयो, "जबसम्म जनता आर्थिक र मानसिकरूपमा स्वस्थ र समृद्ध हुँदैनन् तबसम्म देश पनि समृद्ध हुँदैन । योग, ध्यान र खेलकुदले मानसिक र शारीरिक स्वास्थ्य सवल बनाउन सहयोग गर्छ।" योग-ध्यान आरोग्य सञ्जाल नेपालका अध्यक्ष डा सुवास घिमिरेले योग गर्नाले व्यक्ति आफैँ स्वस्थ हुने बताउनुभयो। उहाँले भन्नुभयो, "सोच बदल्नुहोस् खुसी आफैँ मिल्छ, स्वभाव बदल्नुहोस् इज्जत आफैँ मिल्छ। योग गर्नुहोस् स्वास्थ्य आफैँ मिल्छ। सही बाटो समात्नुहोस् बाटो आफैँ मिल्छ ।" सम्मेलनमा योग तथा तेक्वान्दो, उसु, करातेका खेलाडीले आ-आफ्ना खेलको नमूना प्रस्तुत गरेका थिए।

# बाजा बजाउने आमाहरू

**डम्मर बुढामगर**
बागलुङ, १७ फागुन /रासस

फागुन १५ अर्थात् मगर एकता दिवसको दिन ११ बज्नै लागेको थियो । बागलुङ बजारको पुरानो बसपार्क चोकबाट एउटा ठूलो र्‍याली निस्कियो । त्यो र्‍यालीको बीचमा केही महिला ट्याम्को बजाउँदै थिए । केहीले ढोलकी, केहीले दमाहा त केहीले सनाही र झ्याली बजाउँदै हिँडिरहेका थिए। र्‍यालीमा झण्डै दुई हजारको हाराहारीमा मगर समुदायका विभिन्न वेशभूषामा सजिएका बालबालिकादेखि युवायुवती र पाको उमेरका वृद्धवृद्धा पनि थिए। र्‍यालीको बीचमा बजेको बाजाको तालमा अधिकांश व्यक्ति घुम्दै र झुल्दै नाचिरहेका थिए । बजारको मुख्य सडकमा हिँडिरहेको र्‍यालीमा महिला पञ्चेबाजा टोलीमा धेरैको नजर तेर्सिएको थियो। पुरुषले बजाउँदै आएको पञ्चेबाजा महिलाले बजाएको देख्दा बजारवासी अचम्म मान्दै थिए।

र्‍यालीमा बाजा बजाउनेको सङ्ख्या १० थियो। उनीहरूमध्ये अधिकांश अधबैसे थिए । हिजोआज पुरुषले नै बाजा बजाउन छोडेको अवस्थामा महिला आमा समूहले बाजा बजाउन थाल्दा धेरैलाई अनौठो लाग्नु स्वभाविकै हो। गाउँ टोलमा बाजा बजाउने प्रचलन घट्दै गएपछि मौलिक संस्कृति जगेर्नाका लागि बागलुङ बजारस्थित देउरालीचोका आमा समूहले पञ्चेबाजा बजाउन थालेका हुन् । विवाह, ब्रतबन्ध र सार्वजनिक कार्यक्रममा मौलिक बाजाको सट्टा रेकर्डेट गीत बजाउन थालेकाले पुर्खौंदेखि बजाइँदै आएको पञ्चेबाजा लोप हुने स्थितमा पुगेका छन् । पहिले जिल्लाका ग्रामीण क्षेत्रमा व्यापक मात्रामा पञ्चेबाजा बज्ने गरे पनि पहिलेको जस्तो प्रचलन अहिले छैन। खासगरी परियार समुदायले बजाउने पञ्चेबाजा हिजोआज अन्य समुदायले पनि बजाउन थालेका छन् । परियारसँगै मगर सामुदायका युवा पनि विदेश पलायन भएपछि बाजा बजाउने जनशक्ति अभाव हुन थालेको हो। जनशक्ति अभाव भएर बाजा बजाउने प्रचलन लोप हुन थालेपछि आमा समूहले संरक्षणका लागि अभियान थालेको देउरालीचोक आमा समूहकी अध्यक्ष सरिता थापामगरले बताउनुभयो । मगर महिलाहरू एकताबद्ध भएर बाजा संरक्षण गर्न थालेको उहाँको भनाइ थियो । पहिले गाउँमा प्रशस्त बाजा बजाउने टोली भेटिने गरे पनि हिजोआज कोही पनि पाउन छोडेपछि महिलाले नै यसको संरक्षण गर्नुपर्छ भनेर आफूहरू लागेको अध्यक्ष थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "सबै युवा विदेश गए, बाजा बजाउने कोही छैनन्, गाउँघरमा र बजारमा कसैको विवाह, छैटी, भातखुवाइ र व्रतबन्ध हुँदा बाजा बज्नै छाडे, त्यही भएर हामी महिला दिदीबहिनी मिलेर पञ्चेबाजा संरक्षण गर्नुपर्छ भनेर लागेका हौं, अब आमा समूहले पनि बाजा संरक्षण नगरे मौलिक संस्कृति हराउने भयो, धेरैले राम्रो गर्नुभयो भनेर हौसला पनि दिएका छन्। हाम्रो समूहमा ५० जनाभन्दा धेरै महिला दिदीबहिनी छौँ, सबैले सिक्ने र बजाउने गर्न थालेका छौँ, गत भदौदेखि नै बाजा बजाउन सुरु गरेका हौँ।"

बाजा समूहमा कला श्रीस ढोलक बजाउनुहुन्छ । सुरुमा भकुण्डे मगर पञ्चेबाजा समूहबाट आफूहरूले सिकेको सुनाउँदै उहाँले रु एक लाख ५० हजारमा म्याग्दीबाट बाजा सेट खरिद गरेर अहिले व्यावसायिकरूपमा बजाउन थालेको बताउनुभयो । कला प्रदर्शन गर्न लाज मान्न नहुने भन्दै श्रीसले बाजा कुनै जात र समुदायले मात्रै नभई कला भएकाले जुनसुकै जातिले बजाउन सकिने उल्लेख गर्नुभयो।

"कसैले लाज मान्नु हुँदैन, चोर्न, लुट्न र ढाँट्न पो लाज मान्ने, आफ्नो कला देखाउन कोही पनि हिचकिचाउनु हुँदैन, हामीहरूले अहिले पनि बाजा बजाउन सिक्दैछौँ, बजाउने ठाउँमा जान्छौँ, पोखरा, चितवनसम्म पुगियो विवाहको बाजा बजाउन", उहाँले भन्नुभयो, "बागलुङ नगरपालिकाले पनि राम्रो सहयोग गर्‍यो, नगरपालिकाले रु एक लाख ५० हजार दिएपछि बाजा किन्यौँ, किन्नभन्दा सिक्न धेरै खर्च लाग्दोरहेछ, अहिले धेरै दिदीबहिनीले सिकिसकेका छन्। अब खासै समस्या छैन।"

त्यो समूहमा बसुन्दरी थापा सनाही बजाउनुहुन्छ। बाजाभन्दा सनाही बजाउन केही कठिन हुने भए पनि उहाँले निकै लयात्मक तरिकाले बजाउने गर्नुहुन्छ । सानैदेखि बाँसुरी र सनाही बजाउन चासो दिनुहुने थापाले आफूलाई सिक्नका लागि धेरै समय नलागेको बताउनुभयो । जुनसुकै गीतमा पनि सनाही बजाउन सक्ने उहाँको जिकिर थियो । एउटा विवाहमा बाजा बजाए बापत रु ३० हजारदेखि रु ४० हजारसम्म लिने गरेको र यो रकममध्ये केही महिला समूहमा राख्ने र केही आफूहरूले बाँड्ने गरेको थापाले बताउनुभयो । बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले इच्छाशक्ति भए महिलाले पनि जुनसुकै काम गर्न सक्ने बताउनुभयो। आमा समूहले बाजा बजाउन तदारुकता देखाएपछि नगरपालिकाले बाजा खरिदका लागि सहयोग गरेको र उहाँहरूलाई थप सहयोग पनि गरिने उहाँले जानकारी दिनुभयो। पहिले एउटा जातिले बजाउने बाजा पछिल्लो समय अन्य समुदायले पनि बजाउन थालेको र महिलाले पनि बजाउनु अनुकरणीय भएको प्रमुख श्रेष्ठको भनाइ थियो । उहाँले भन्नुभयो, "जागरुक महिलाहरूरु प्रशिक्षण लिएर बजाउन सक्ने हुनुभएको छ, बागलुङमा थप एउटा संस्कृतिको विकास भएको छ, यसलाई व्यवस्थित गर्न लाग्छौँ । उहाँहरूलाई थप सक्रिय बनाउनका लागि नगरपालिकाले निरन्तर सहयोग गर्दै जानेछ, आवश्यक जनशक्ति तयार भएर ठाउँठाउँमा बजाउन जाने र आम्दानी पनि गर्न थाल्नुभएको छ।"

# जाउलाखेललाई हराउँदै एनआरटी केपी ओली कपको फाइनलमा

**रासस**
काठमाडौं, १७ फागुन

न्युरोड टिम (एनआरटी) जावलाखेल युथ क्लबलाई पराजित गर्दै केपी ओली कप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। दशरथ रङ्गशालामा आज भएको खेलमा एनआरटीले जाउलाखेलमाथि ३-० गोलअन्तरको जित निकाल्दै प्रतियोगिताको फाइनलमा पुगेको हो।

एनआरटीको जितमा सञ्जिव विष्टले दुई गोल गरे भने विवेक गुरुङले एक गोल थपे। खेल सुरु भएको पाँच मिनेटमै विवेकले गोल गर्दै एनआरटीलाई अग्रता दिलाए भने खेलको ५०औँ मिनेटमा सञ्जिवले अर्को गोल गरेर टोलीको अग्रतालाई अझ अघि बढाए। पहिलो गोल गरेको सात मिनेटपछि सञ्जिवले पुनः दोस्रो गोल गरे। त्यसपछि खेलमा कुनै गोल हुन सकेन र एनआरटीको जित सुनिश्चित भयो । यसअघि एनआरटी थ्री स्टारलाई १-० तथा जावलाखेल आयोजक केपी ओली एफसीलाई २-१ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका हुन् । प्रतियोगितामा विजयी हुने टोलीले रु ११ लाख तथा दोस्रो स्थान हासिल गर्ने टोलीले रु पाँच लाख नगद पुरस्कारप्राप्त गर्नेछन्।

# बेनीमा 'होम डेलीभरी' शून्य

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ फागुन

म्याग्दीको बेनी नगरपालिकामा घरमै सुत्केरी हुने महिलाको सङ्ख्या शून्यमा झरेको छ।

घरमै बच्चा जन्माउँदा आमा र बच्चाको ज्यान खतरामा पर्नुका साथै महिलालाई सुत्केरीपछि पनि विभिन्न स्वास्थ्य समस्याले सताइरहने हुँनाले घरमै सुत्केरी हुनेको सङ्ख्या शून्यमा झारिएको नगर स्वास्थ्य शाखाले जनाएको छ। जोखिमयुक्त प्रसूतिका कारण हुने जोखिम न्यूनीकरण गरी बच्चा र आमाको स्वास्थ्यमा सुधार ल्याउन 'होम डेलीभरी' शून्य बनाइएको शाखाका प्रमुख चन्दन सुवेदीले बताउनुभयो । "बेनी नगरपालिकामा सबै गर्भवतीले पछिल्लो दुई वर्षयता स्वास्थ्य संस्थामा पुगेर दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिइरहेका छन्", उहाँले भन्नुभयो, "होम डेलिभरी शून्य पालिकालाई कायम राख्नका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिएका छौँ।"

नगरपालिकामा आर्थिक वर्ष २०७८/७९ मा आठ सय ४७, २०७९/८० मा छ सय ७७ र चालु आवको हालसम्म दुई सय ३५ जनाले सुरक्षित प्रसूति सेवा लिएका स्वास्थ्य शाखा प्रमुख सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार आव २०७८/७९ देखि नगरपालिकामा घरमा सुत्केरी हुने आमाको सङ्ख्या शून्य छ। दशवटा वडा रहेको बेनीमा जिल्लास्तरको अस्पताल, ज्यामरुककोट, भकिम्ली, सिङ्गा, पुलाचौर र पात्लेखेतको स्वास्थ्य चौकीमा सुरक्षित प्रसूति सेवा उपलब्ध छ। अधिकांश वडाका गर्भवती सुत्केरी हुनका लागि बेनी अस्पतालमा आउने गरेका छन्।

आठपटक गर्भजाँच गर्ने तथा स्वास्थ्यचौकीमै सुत्केरी हुनेलाई प्रोत्साहन गर्ने राज्यको नीति र सचेतनामूलक अभियानका कारण होम डेलिभरी शून्य भएको नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। "गर्भावस्था र सुत्केरी अवस्थाका सम्भावित जोखिमको विषयमा धेरै सचेतनाका कार्यक्रम सञ्चालन भएका छन्", उहाँले भन्नुभयो, "सरकारी र गैरसरकारी संस्थाबाट भएका प्रयास प्रभावकारी बनेका छन्।"

**माछापुच्छ्रे गाउँपालिका**
**गाउँ कार्यपालिकको कार्यालय**
**लाहाचोक, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्य सूची (TOR) स्वीकृत सम्बन्धमा**

**(सूचना प्रकाशित मिति: २०८०/११/१७)**

यस माछापुच्छ्रे गाउँपालिका वडा नं. ४ लाहाचोक चोर खोल्सा आसपास स्थित कि.न. १५७६ क्षेत्रफल (१-१०-२-०) जग्गाधनी श्री निर्मल बास्तोला, कि नं ९६७ क्षेत्रफल (१-१५-२-०) जग्गा धनी श्री शोभाखर अधिकारी, कि नं ९७६ क्षेत्रफल (१-०-०-३) को जग्गा धनी श्री पशुपति अधिकारी, कि नं ९७५ र १५७८ को क्षेत्रफल (२-१०-१-३) को जग्गाधनी श्री पार्वती बास्तोला, कि नं १५७७ क्षेत्रफल (१-१०- २-०) जग्गा धनी श्री रमा अधिकारी को स्वामित्वमा रहेको जग्गाबाट उल्लेखित जग्गाधनी र श्री गण्डकी एग्रीगेट प्रा. लि, माछापुच्छ्रे-०४, कास्की को मिति २०८०/१०/१५ को वडा प्रमाणित सम्झौता गरी उक्त जग्गाबाट माटो तथा ग्राभेल जन्य पदार्थ उत्खनन् उदेश्य राखी यस कार्यालयमा मिति २०८०/०७/२० गते पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्न अनुमति मागको निवेदन अनुसार उक्त प्रस्तावकले यस कार्यालयमा पेश गरेको कार्यसुचि मिति २०८०/११/०३ को कार्यपालिका बैठकबाट स्वीकृत भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**राय सुझाव दिने स्थान:**
**माछापुच्छ्रे गाउँपालिका/गाउँ कार्यपालिकाको कार्यालय लाहाचोक कास्की**
**प्रस्तावक:**
**गण्डकी एग्रीगेट प्रा.लि.,माछापुच्छ्रे गाउँपालिका-४, कास्की**